# धुनिबेशी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं.:

मितिः- २०८२/०९/२९

## सुचना ! सुचना ! सुचना !!!

### सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धी सुचना

नेपालको संविधानको धारा ३४ मा व्यवस्था भएको श्रम सम्बन्धी हक तथा उपधारा २ बमोजिम प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुविधा साथै योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई कार्यान्वयन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सामाजिक सुरक्षा कोषको सुचिकरण शाखाको च.नं. २५०, मिति २०८२/०९/१७ गतेको पत्रानुसार योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १९ मा उल्लेख भएको व्यवस्था बमोजिम प्रत्येक प्रतिष्ठानहरू ३ महिनाभित्र सामाजिक सुरक्षा कोषमा आबद्ध हुन साथै नेपाल सरकारको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमको बुदाँ नं. ६१ को व्यवस्था बमोजिम सबै प्रकृतिका, जुनसुकै सेवा सर्तमा रोजगारीमा संलग्न श्रमिकहरूलाई अनिवार्य योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नुपर्ने प्रावधान रहेकोले सो अनुसार गर्न गराउनुहुन यो सुचना प्रकाशन गरिन्छ । साथै यस धुनिवेशी नगरपालिकाभित्र संचालित साना, ठूला सबै प्रकारका प्रतिष्ठान, संघ, संस्था, निकायहरूलाई संघिय सरकारको नीति बमेजिम दर्ता तथा नविकरण गर्दा रोजगारदाताहरूले आफ्ना श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध गराई नियमित योगदान रकम जम्मा गरेको एकिन गर्नहुन समेत जानकारी गराइन्छ ।

अविलाल गुप्ता
वरिष्ठ शाखा अधिकृत



CamScanner